30th March, 2026 Monday

यो आकाशवाणी हो।

*प्रमुख समाचारहरुबाट*

१. प्रधानमन्त्री श्री मोदीले आज 'मेरा बूथ, सबसे मजबूत संवाद' कार्यक्रम अन्तर्गत असमका पार्टी कार्यकर्तासँग गर्नुभयो संवाद ।
२. एलपीजी बोकेका दुई भारतीय ट्यांकर सुरक्षित रूपमा स्वदेश फर्किंदै
३. भारत चुनाव आयोगले निर्वाचनको पहिलो चरणकालागि जारी गरेको छ अधिसूचना
४. भारत प्रविधिमा आधारित जैविक कृषिको नयाँ चरणमा प्रवेश गर्न तयार रहेको मंत्री श्री गडकरीको दावी

----------

**१/. प्रधानमन्त्री-मेरो बूथ सबैभन्दा बलियो**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज दिउँसो 'मेरा बूथ, सबसे मजबूत संवाद' कार्यक्रम अन्तर्गत असमका पार्टी कार्यकर्तासँग संवाद गर्नु भएको छ । संवादको क्रममा उहाँले आगामी पाँच वर्षसम्म पनि गठबन्धनलाई समर्थन गरेर विकास यात्रालाई निरन्तरता दिन जनता तयार रहेको विश्वास व्यक्त गर्नु भयो। बलियो बुथस्तरीय संगठनको महत्वमाथि जोड दिनु हुँदै प्रधानमन्त्री श्री मोदीले निर्वाचनका क्रममा प्रभावकारी जनसम्पर्क र जनसहभागिता सुनिश्चित गर्न पार्टी कार्यकर्ताको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । उहाँले असमको जनमत स्पष्ट रहेको र राज्यका जनता एनडीएलाई मत दिन तयार रहेको दाबी गर्नु हुँदै कार्यकर्तालाई ऐतिहासिक जित सुनिश्चित गर्न दिनरात काम गर्न आग्रह गर्नु भयो। भाजपा सरकारको उपलब्धिको चर्चा गर्नु हुँदै प्रधानमन्त्रीले पछिल्लो १० वर्षमा असम उग्रवादमुक्त भएको र त्यसले राज्यमा शान्ति तथा नयाँ अवसर ल्याएको बताउनु भयो । उहाँले कंग्रेस शासनकालमा कानुन व्यवस्था कायम राख्न असफल भएको आरोप लगाए, जसका कारण धेरै युवाले ज्यान गुमाउनुपरेको दाबी गर्नुभयो । बोडो शान्ति सम्झौतापछि राज्यमा भएको विकासको चर्चा गर्नु हुँदै प्रधानमन्त्रीले धेरै युवाले संघर्षको बाटो छाडेर प्रगतिको मार्ग रोजेको उल्लेख गर्नुभयो ।

यसले शिक्षा, रोजगारी र उद्यमशीलतामा नयाँ अवसर सिर्जना गरेको उहाँको भनाइ थियो। उहाँले चिया बगानका श्रमिकको जीवनस्तर सुधारका लागि आर्थिक सहायता, स्वास्थ्य सेवा, आवास, शिक्षा

तथा भूमि पट्टा उपलब्ध गराउनेजस्ता काम गरिएको पनि उल्लेख गरे।असममा मतदान अप्रिल ९ मा एकै चरणमा हुने भएको छ।

## *२. एलपीजी ट्यांकर- सुरक्षित रूपमा स्वदेश फर्किंदै*

दुई भारतीय एलपीजी ट्यांकर, ९४ हजार टन एलपीजी बोकेर स्वदेश फर्किंदै छन्। दुवै ट्यांकरले युद्धग्रस्त होर्मुज स्ट्रेट सुरक्षित रूपमा पार गरिसकेका छन्। एउटा एलपीजी ट्यांकर बीडब्ल्यू टीवाईआर भोलि मुम्बई पुग्न सक्ने अनुमान गरिएको छ भने अर्को ट्यांकर बीडब्ल्यू ईएलएम अप्रिल १ मा न्यू म्याङ्गलोर पुग्ने अपेक्षा गरिएको छ।
अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमण तथा तेहरानको व्यापक प्रतिकारात्मक कारबाहीका कारण होर्मुज जलडमरूमध्य हुँदै जहाजहरूको आवतजावत लगभग ठप्प भएको थियो। यो साँघुरो जलमार्ग खाडी राष्ट्रहरूबाट विश्वभर तेल र ग्यास निर्यात गर्ने प्रमुख मार्ग हो। यद्यपि, इरानले गत साता "गैर-शत्रुतापूर्ण जहाज" हरूलाई यस जलमार्गबाट आवतजावत गर्न सकिने जनाएको थियो।
यसअघि पनि भारतका चार एलपीजी ट्यांकर सुरक्षित रूपमा जलडमरूमध्य पार गरिसकेका छन्

## *३. भारत चुनाव आयोग*

भारत चुनाव आयोगले आज तमिलनाडु विधानसभा निर्वाचन तथा पश्चिम बंगाल विधानसभा निर्वाचनको पहिलो चरणकालागि अधिसूचना जारी गरेको छ। यससँगै उम्मेदवारी दर्ता प्रक्रिया पनि सुरु भएको छ। तमिलनाडुका सबै २३४ विधानसभा सिट र पश्चिम बंगालका १५२ सिटमा पहिलो चरणको मतदान आगामी महिनाको २३ तारिखमा हुने भएको छ। उम्मेदवारी दर्ता ६ अप्रेलसम्म गर्न सकिनेछ। उम्मेदवारी पत्रको जाँच भोलिपल्टदेखि सुरु हुनेछ भने उम्मेदवारी फिर्ता लिने अन्तिम मिति ९ अप्रेल तोकिएको छ।

## ४. गडकरी-किसान कुंभ

सड़क, परिवहन तथा राजमार्ग मंत्री श्री नितिन गडकरीले भारत अब प्रविधिमा आधारित जैविक कृषिको नयाँ चरणमा प्रवेश गर्न तयार रहेको बताउनु भएको छ । उहाँले कृषि दक्षता र दिगोपनलाई सुधार गर्न आधुनिक प्रविधि तथा नवप्रयोगलाई व्यापक रूपमा अपनाइने थप बताउनु भएको छ ।

आज नयाँ दिल्लीमा आयोजित किसान कुंभलाई सम्बोधन गर्नु हुँदै श्री गडकरीले आगामी चरणमा उत्पादन वृद्धि र लागत घटाउन कृत्रिम बुद्धिमत्ता (एआई), उपग्रह निगरानी तथा वातावरणमैत्री अभ्यासको प्रयोगलाई प्राथमिकता दिइने थप बताउनु भयो । उहाँले जैविक उत्पादनका लागि किसानले राम्रो मूल्य पाउन बजार प्रणालीलाई अझ सुदृढ बनाउनु आवश्यक रहेकोमा पनि जोड दिनु भयो । साथै, कार्यक्रममा दुई हजार महिला किसानको सहभागितालाई उहाँले ठूलो उपलब्धि रहेको बताउनु भएको छ।

## ५.निर्वाचन- आयोग-भाजपा प्रतिनिधिमंडल-पश्चिम बंगाल चुनाव

भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री पियुष गोयल, श्री किरण रिजजु साथै सुकान्त मजुमदार तथा केन्द्रीय मन्त्रीहरूले आज निर्वाचन- आयोगसँग भेट गरेका छन्। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्नु हुँदै श्री किरेन रिजिजूले पश्चिम बंगालमा स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनुपर्ने बताउनु भएको छ । उहाँले पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीका तृणमूल कंग्रेस पार्टीले राज्यको निर्वाचन प्रक्रियालाई पूर्ण रूपमा नियन्त्रणमा लिएको आरोप लगाउनु भएको छ। श्री रिजिजूले पश्चिम बंगालसँग सम्बन्धित आफ्ना चिन्ताहरू आयोग समक्ष राखिएको र आयोगले स्वतन्त्र तथा निष्पक्ष निर्वाचन सुनिश्चित गर्न आवश्यक सबै कदम चाल्ने आश्वासन दिएको बताएका छन्।

## ६. वित्त मंत्री – रुपियाँ

वित्त मंत्री श्रीमती निर्मला सितारमणले संसदमा भारतीय अर्थतन्त्रको बलियोपनबारे उल्लेख गर्नु हुँदै रुपियाँको मूल्य बजारद्वारा निर्धारित हुने र विश्वव्यापी अनिश्चितताबीच पनि भारतका व्यापक आर्थिक आधारहरू बलिया रहेको बताएकी छन्। आज लोक सभामा रुपियाँको अवमूल्यनबारे प्रश्नको जवाफ दिँनु हुँदै वित्तमन्त्री श्रीमती सीतारमणले भारतीय अर्थतन्त्रका आधारभूत सूचकहरू बलियो रहेको बताउनु भयो

उहाँले विश्वव्यापी अनिश्चितताका कारण संसारभरका मुद्रामा अस्थिरता देखिएको उल्लेख गरिन्। प्रमुख आर्थिक सूचकहरूको चर्चा गर्नु हुँदै मूल्यवृद्धि घटेको, जीडीपी वृद्धिदर ७ प्रतिशतभन्दा माथि रहेको र चालु खातामा घाटा १ प्रतिशतभन्दा कम रहेको बताइन्। उहाँले बताउनु भए अनुसार विश्वव्यापी अस्थिरताले संसारभरिका मुद्रालाई प्रभावित गरिरहेको छ र विनिमय दरको दबाब झेल्ने भारत मात्र एक्लो देश नरहेको बताइन् । उहाँले विपक्षी दलमाथि देशको आर्थिक प्रगतिलाई कमजोर बनाउन एउटै मुद्दालाई बारम्बार उठाउने आरोप लगाउँदै सरकार र Reserve Bank of India ले अवस्थामाथि नजिकबाट निगरानी गरिरहेको तथा सर्वसाधारणको हित संरक्षणमा प्रतिबद्ध रहेको बताइन्।

*७. राष्ट्रपति- महावीर जयन्ती*

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले महावीर जयन्तीको पूर्वसन्ध्यामा देशवासीलाई हार्दिक शुभकामना दिएकी छन्। आफ्नो सन्देशमा राष्ट्रपतिले भगवान महावीरका पाँच सिद्धान्त– अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहले सबैलाई जीवनको सही मार्गमा हिँड्न प्रेरणा दिने बताएकी छन्। उनले यी सिद्धान्त अपनाएर मानिसहरूले आफ्नो जीवनलाई अर्थपूर्ण बनाउन सक्ने र समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्ने उल्लेख गरिन्। उहाँले सबैलाई भगवान महावीरका सन्देश जीवनमा अपनाउन र राष्ट्रको प्रगतिका लागि निरन्तर प्रयास गर्ने संकल्प लिन आग्रह गरेकी छन्।

८. आईपीएल क्रिकेट

आज साँझ साढे सात बजे गुवाहाटीको बारसपारा क्रिकेट स्टेडियममा राजस्थान रोयल्स र चेन्नई सुपर किंग्सबीच प्रतिस्पर्धा हुनेछ। हिजो मुम्बईको वानखेडे स्टेडियममा भएको अर्को खेलमा मुम्बई इण्डियन्सले कोलकाता नाईट राइडर्सलाई ६ विकेटले पराजित गर्‍यो। कोलकाताले पहिले ब्याटिङ गर्दै २२० रनको विशाल स्कोर बनाएको थियो। जवाफमा मुम्बईले २० औं ओभरमा ४ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो। दुई महिना चल्ने Indian Premier League ३१ मईसम्म जारी रहनेछ।

---------